स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'बलिदान'लाई लिएर धेरैमा चासो देखिएको छ । ६ करोड बजेट पूर्वअनुमान गरिएको फिल्ममा अभिनेता अर्पण थापा अनुबन्ध भैसकेका छन् भने अर्को मुख्य भूमिकामा अभिनेता सौगात मल्ल अनुबन्ध भएको जानकारी प्राप्त छ । उनीसँग निर्माता सेनले कागजी सम्झौता गरिसकेको स्रोतको दाबी छ । फिल्ममा सौगातले मधेशी चरित्र निर्वाह गर्ने जनाइएको छ । लक्ष्मीपूजामा सार्वजनिक गरिएको टिजरमा डमीको रुपमा एक मधेशी पात्रलाई मसिहाको रुपमा प्रस्तुत गरिएको थियो । सोही पात्रमा सौगातले अभिनय गर्ने बुझिएको छ ।

**आजको विचार...**



छठ...
(दुई पेजमा)

डा. नारायणप्रसाद निरौला



रकस्टार अभया सुब्बाका पछिल्ला केही फेसबुक स्टाटस हेर्दा लाग्छ, उनी सामाजिक सञ्जालले बदलेको सांगीतिक ट्रेण्डलाई लिएर केही गम्भीर छिन् । उनको फेसबुक पोस्ट छोटो तर अर्थपूर्ण थियो । अभयाको फेसबुक पोस्ट आएको छ, जहाँ कसरी टिकटक, फेसबुक, युट्युबजस्ता सामाजिक सञ्जालले सांगीतिक प्रवृत्तिलाई पुनः परिभाषित गरिरहेका छन् भन्ने कुराको व्याख्या गरेकी छन् । दर्शक र श्रोताले पछिल्लो समय आफूलाई तपाईं किन रक गीत गारिरहनुभएको छैन भनेर सोधिरहेको अभयाले बताएकी छिन् ।

❒ वर्ष २९ ❒ अंक १११ ❒ २०८० मंसिर ३ गते आइतबार 19 November 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### आमाछोरा मृत फेला

**प्यूठान,** मंसिर २/प्यूठानको नौबहिनी गाउँपालिका-३ खवांगमा आमाछोरा मृत फेला परेका छन् । आमा २२ वर्षीया रिमा बुढामगर र ३ वर्षीय छोरा मुस्कान बुढामगर मृत फेला परेका हुन् । आमा शुक्रबार मृत अवस्थामा फेला परेकी हुन भने हराइरहेका ३ वर्षीय छोरा मुस्कान शनिबार मृत फेला परेको जिल्ला प्रहरी कार्यालय प्यूठानले जनाएको छ । घटनाको अनुसन्धान भइरहेको छ ।

### अटो दुर्घटनामा एकको मृत्यु

**पाल्पा,** मंसिर २/स्याङजाको वालिङ नगरपालिका -१ खहरेस्थित भित्री कच्ची सडक खण्डमा अटो दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ । शनिबार दिउँसो रामबाच्छाबाट खहरेतर्फ जाँदै गरेको लु १ ह ३६८६ नं.को अटो अनियन्त्रित भई सडकमा दुर्घटना हुँदा तिलोत्तमा नगरपालिका-१० कान्छीबजारका ओम बहादुर लम्साल क्षेत्रीको १६ महिने छोरी कायरा क्षेत्रीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ । दुर्घटनामा घाइते भएकी उनको उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र वालिङ लगिएकोमा डाक्टरले मृत घोषणा गरेका हुन् । दुर्घटनामा सवार अन्य तीन जना घाइते भएका छन् । उनीहरुको अवस्था सामन्य रहेको बुझिएको छ । प्रहरी निरीक्षक जनकराज बन्जराको कमाण्डमा गएको टोलीले घाइतेहरुको उद्दार गरेको हो । अटो र अटो चालक प्रहरीको नियन्यत्रणमा रहेका छन् । घटनाको विषयमा थप अनुसन्धान भइरहेको छ ।

सन्दर्भ : विश्व शौचालय दिवस, घोषणामै सीमित खुला दिसामुक्त

# 'खुला दिसामुक्त' पाल्पामै छैनन् सार्वजनिक शौचालय

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर २/६ वर्षअघि पाल्पालाई खुला दिसामुक्त जिल्ला घोषणा गरिए पनि कागजमै सीमित भएको छ । अनुगमन र घोषणा कार्यान्वयन नहुँदा जिल्ला घोषणामै सिमित बन्न पुगेको हो ।

२४ चैत्र २०७४ मा तत्कालिन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले जिल्ला समन्वय समिति पाल्पालाई खुल्ला दिसामुक्त जिल्लाको प्रमाणपत्र हस्तान्तरण गरेका थिए । खुला दिशामुक्त घोषणा गरिएको लामो समय बितिसक्दा पनि यहाँका शहर र राजमार्गमा भने पर्याप्त शौचालय छैनन् । पर्याप्त सार्वजनिक शौचालय नहुँदा यात्रुले चरम समस्या झेल्नुपरेको छ । भएका शौचालयहरु पनि प्रयोगलायक छैनन् । घरदेखि बाहिर निस्कनसाथ हरेक मानिसले दैनिक सार्वजनिक शौचालयका कारण विविध समस्या भोग्न बाध्य छन् । शुक्रबार त्यस्तै समस्या भोग्न बाध्य भइन्, बुटवलबाट तानसेन घुम्न आएकी सम्झना पन्त । तानसेनस्थित दरबार घुमेर सम्झना नारायणस्थानतर्फ लागिन् । तर,




त्यहाँ नपुग्दै उनलाई पिसाबले च्याप्यो । पिसावले च्यापेकाले यताउती शौचालय छ कि भनेर सम्झनाले हेरिन तर त्यहाँ कतै देखिनन् । नारायणस्थानका मन्दिर हेर्न जानुपर्ने सम्झना शौचालय हेर्दै शितलपटी पुगिन । तर, त्यहाँ पनि उनले शौचालय देखिनन् । 'होटल वा घरमा जाउँ कोही कसैलाई चिनेकी छैन, नजाऊ पिसावले च्यापेको छ, धेरै समय लगाएर बल्ल तल्ल टुँडिखेल छेउमा रहेको शौचालयमा छिरेर शौच गरे' पन्तले भनिन् । बजार क्षेत्रमा एउटा पनि सार्वजनिक शौचालय नहुँदा आफु जस्ता बाहिरबाट आउनेहरुले सास्ती खेप्नु परेको उनको गुनासो छ । यस्तै तानसेन बसपार्कबाट मिसन अस्पताल जाँदै गर्दा सुनिता बज्राचार्यलाई पिसाबले च्याप्यो । उनले शौचालय खोजिन् । नभेटिएपछि शौचालयकै लागि गैरगाउँबाट तल खुला सडक छेउमा जानुपर्‍यो । 'महिला भएकाले जथाभावी बस्न सकिँदैन,' उनले भनिन्, '२० मिनेट पिसाब च्याप्नुपर्‍यो ।' पिसाब च्याप्दा स्वास्थ्यमा असर पर्छ भन्ने उनलाई थाहा छ । तर विकल्प नभएको उनले बताइन् । यस्तै समस्या पर्‍यो, बुटवलबाट तानसेन आएका कार चालक प्रेम रिजाललाई पनि । शनिबार झिसेमिसेमै बुटवलबाट हिडेका रिजाललाई तानसेन टक्सारटोलमा आएपछि पिसाबले च्याप्यो । बीचमा केही छिन परेको जामले त्यो समस्या थप बढाइदियो । 'भनेको ठाउँमा शौचालय पाइँदैन, खाली हुँदा चियापानी खायो, यात्रु लिएर हिँडेपछि गाह्रो पर्छ,' उनले भने । रैनादेवी छहराकी विष्णुमाया थापा दशौ अघि नागरिकता बनाउँन तानसेन आइन् । उनी बस चढेर गुल्मी घुम्टी रोडमा ओर्लिन् । थापालाई पिसावले च्यापेकाले यताउती शौचालय छ कि भनेर हेरिन् तर त्यहाँ कतै देखिनन् । सार्वजनिक शौचालय त थियो तर वर्षौंदेखि प्रयोग विहीन । शौचालय कतै नदेखिपछि उनी सडक छेउमा गएर पिसाव गर्न बाध्य भइन् । यि त केही प्रतिनिधि पात्र मात्र हुन् । यो आमनागरिकको समस्या हो । पर्याप्त सार्वजनिक शौचालय छैनन् र भएका पनि दुर्गन्धित र अव्यवस्थित । नागरिकता, राहदानी वा अन्य प्रशासनिक कामका लागि आएका हुन् वा बिरामी भएर औषधी गर्नका लागि तानसेन आउने हुन्, जो केहीलाई पनि यस्तै समस्याले सताउने गर्दछ । यो जिल्लाका शहरी क्षेत्रको समस्या मात्र होइन, यहाँका स्थानीय तहका केन्द्रहरुको समस्या पनि यस्तै छ । ६ वर्ष अघि पाल्पालाई खुला दिशामुक्त जिल्ला घोषणा गरिएको भए पनि यहाँ अझैसम्म पर्याप्त सार्वजनिक शौचालय निर्माण हुन सकेका छैनन् । जसले गर्दा सर्वसाधारणले सास्ती भोग्न बाध्य छन् । बेला-बेलामा सरकारले सार्वजनिक शौचालयको योजनाहरू ल्याउने गरेको भए पनि ति कार्यान्वयन भएका छैनन् । भएका शौचालयहरूको पनि स्तरोन्नति हुन सकेको छैन । संघीय संरचना निर्माण भएपछि खानेपानी तथा सरसफाई डिभिजनको सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यक्रम स्थानीय सरकार समक्ष गएको छ । तर स्थानीय तहमा जग्गा अभावले सार्वजनिक शौचालय बन्न नसकेको सम्बन्धित स्थानीय सरकार बताउँछन् । १० स्थानीय तह रहेको पाल्पामा अहिले ५२ देखि ६० वटा मात्र सार्वजनिक शौचालय रहेका छन् । जस मध्ये ३० वटामात्र प्रयोगमा छन् । मानिसहरुको बाक्लो उपस्थिति रहने क्षेत्रमै सार्वजनिक शौचालय निर्माण हुन सकेका छैनन् । सार्वजनिक शौचालय निर्माणमा भने स्थानीय सरकारहरूले कुनै चासो देखाएका छैनन् । जसका कारण यी क्षेत्रमा सार्वजनिक शौचालय भेट्न मुस्किल छ । शौचालय प्रयोग गर्नकै लागि सर्वसाधारण होटल, खाजा घर छिरेर केही न केही उपभोग गर्न बाध्य हुने गरेका छन् ।

**-...बाँकी अन्तिम पेजमा**

## शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- दिसापिसाब शौचालयमा मात्र गरौं, खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले हात धोऔं ।
- हत्केला पछाडी, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

**जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## राम्दीमा एकादशी मेला लाग्दै, तयारी तीव्र

**पाल्पा,** मंसिर २/हरिबोधिनी एकादशीका अवसरमा पाल्पा र स्याङ्जाको संगमस्थल राम्दीमा एकादशी मेला लाग्ने भएको छ । 'हाम्रो राम्दी, हाम्रो धाम, एकादशी मेला, सबै राम्दी जाम' भन्ने नाराका साथ राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल पाल्पाको मुख्य आयोजनामा यही मंसिर ७ गते एकादशीका दिन मेला लाग्न लागेको हो ।

कला, संस्कृतिको संरक्षण सँगै राम्दीधामको धार्मिक तथा पर्यटकीय विकासमा टेवा पुऱ्याउने उद्देश्यले एक दिने मेला आयोजना गर्न लागिएको प्रतिष्ठानले जनाएको छ । प्रतिष्ठानले शनिबार पत्रकार



सम्मेलन गरी मेलाको बारेमा जानकारी गराएको छ । मेलाको तयारी तीव्र रुपमा अगाडि बढाइएको प्रतिष्ठानका अध्यक्ष कमल भट्टराईले जानकारी दिए । उनले संस्कृतिको संरक्षणसँगै राम्दीको प्रचार-प्रसार गर्नु मेलाको मुख्य उद्देश्य रहेको बताए । अध्यक्ष भट्टराईका अनुसार मेलाको स्टेज व्यवस्थापनसँगै आर्थिक स्रोत जुटाउनेदेखि अथितिहरुलाई निमन्त्रणा पठाउने काम सकिएको छ । मेलामा भजनकृतन, शंख फुक्ने, रामनदी धामको बारेमा महात्मा ज्ञान प्रवचन, पाल्पामा जन्मिएका राष्ट्रिय तथा स्थानीय कलाकारहरुको प्रस्तुतीसँगै स्थानीय भजन, सोरठी जस्ता प्रस्तुती रहने उनले बताए । सोही अवसरमा बहुचर्चित लोकदोहोरी गायीका लक्ष्मी न्यौपानेलाई अभिनन्दन गरिने छ । एकादशीका दिन कालीगण्डकी किनारमा स्नान गर्न जानेहरुको बाक्लो उपस्थिती हुने भएकाले पनि सोही दिन मेला आयोजना गर्न लागिएको प्रतिष्ठानका उपाध्यक्ष रुपेश कार्कीले बताए ।

**-...बाँकी अन्तिम पेजमा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## एकताको महापर्व 'छठ'

हिन्दूहरुको महान् पर्व दशैं, तिहारपछिको महत्वपूर्ण पर्व छठ हर्षोल्लासका साथ मनाइँदैछ । तराई क्षेत्रमा धूमधामका साथ मनाइने छठ पर्व पछिल्ला वर्षहरूमा पहाडी क्षेत्रमा पनि उत्तिकै लोकप्रिय हुन थालेको छ । एकता, सद्भाव र भातृत्वको प्रतिक समेत मानिने यस पर्वलाई बढो हर्षोल्लासका साथ नदी, ताल तलैया या पोखरीको किनारमा शृङ्गार गरेर तयार पारिएका घाट, केराका थम्बा, झिलिमिली बत्तीबिच अस्ताउँदो र उदाउँदो दुवै सूर्यको किरणलाई अर्घ दिएर यो चाड मनाइने गरिन्छ । कार्तिक शुक्ल चतुर्थीबाट सुरु भएको यो पर्वको तेस्रो दिन आज छठ अर्थात् षाष्ठी हो । वर्षा सकिने र जाडो पनि धेरै नहुने यो मौसम आफैँमा पर्वमय लाग्छ । दशैँ, तिहार र छठ अखण्ड पर्व हुन् । दशैँको सम्बन्ध तिहार र छठसँग छ । छठ शब्द संस्कृतको 'षाष्ठी' शब्दबाट विकसित भएको इतिहास छ । चार दिवशीय छठ ब्रतमा सबै भन्दा कष्ठ, कठिनाई, दौडधुप, श्रम–शक्ति र महत्वको हिसाबले कात्तिक शुक्लषाष्ठीको दिनै हुन्छ । छठ कात्तिक शुक्ल षाष्ठी तिथिका दिन नेपाल र भारतमा धुमधामका साथ मनाइने निकै चर्चित पर्व हो । यो पर्व षाष्ठी पूजाको अपभ्रंशका रूपमा आएको हो । यस पर्वमा सूर्यको उपासना गरिन्छ र छठी माता (श्रीसपता) को पूजा गरिन्छ । अस्ताउँदो सूर्यलाई अर्घ अर्पण गरेर प्रारम्भ हुने यो व्रत भोलिपल्टको उदाउँदो सूर्यलाई अर्घ अर्पण गरेर विसर्जन हुने गर्छ । निकै पवित्र, सफा सुग्घर र निष्ठापूर्वक मनाइने लोकपर्व धेरै दृष्टिकोणबाट मननयोग्य छ ।

छठको धेरै महत्व छन् । छठले सामाजिक सन्देश र धार्मिक मान्यता विस्तार गर्दै आएको छ । बत्ती बाल्ने वा सूर्यको उपासनाले अन्धकारबाट उज्यालोतर्फको यात्रालाई निःसृत गरेको हुन्छ । मानव र प्रकृतिबीचको सम्बन्धलाई छठले प्रत्येक वर्ष प्रगाढ बनाउँदै आइरहेको छ । मानव जातिको पीडाप्रति सजग गरी छठ पर्वले हरेक बर्ष दीपावली समाप्तिपछि मानव र प्रकृतिबीच हराउँदै, बिलाउँदै, लोप हुँदै गइरहेको संवेदनशील रागात्मक, अटुट संवाद–सम्बन्धको सुत्रधारलाई सबलीकरण गर्दै मानव र प्रकृतिबीच सम्बन्धलाई डोरीको गाँठो जस्तो बाँधने काम गरेको छ । यो आफैमा सकारात्मक पक्ष हो । छठ पर्वलाई समाजिक सद्भाव एवं एकताको पर्वको रुपमा समेत लिइन्छ । तसर्थ अन्य पर्व जस्तै छठ पर्वको धार्मिक महत्वलाई दर्शाउन सकेमा यो पर्वले सामाजिक सद्भाव र मानवीय एकतालाई अझ मजबुत बनाउन सक्छ । त्यसतर्फ सबैले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

खुशी आफैंमा खोज्नुस् किन भने अरूले, दिएको खुशी कति खेर फिर्ता लैजान्छन् थाहा नै नहुने रहेछ... !!

*(अमर सिंको फेसबुक स्टाटसबाट www.facebook.com//gulmileamar.raj)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# छठ पर्वको महिमा



डा. नारायणप्रसाद निरौला

हरेक पर्वको आ-आफ्नै महत्व रहने गर्दछ । हरेक दिन प्रायशः पर्व पर्ने गर्दछन् । स्थानीय भेदअनुसार कतिपय पर्व विशेष महत्वमा पर्दछन्, कतिपय मध्यम त कतिपय सामान्यरूपमा मनाइन्छन् । यस्तै एक विशेष पर्व छठ हो । नेपालका तराईका भूभाग, भारत लगायत अन्यदेशमा पनि छठपर्वलाई विशेष रूपमा मनाइन्छ । नेपालका पहाडी भूभागमा यो पर्वलाई सामान्य रूपले पर्व मनाउने गरेको पाइन्छ । कार्तिक शुक्ल षष्ठीका दिन मनाइने छठ पर्वको विशेष धार्मिक एवं सांस्कृतिक महिमा रहेको छ । सूर्यनारायण भगवान्को उपासना छठमा विशेष हुने गर्दछ ।

सृष्टिको सुरुवातदेखि नै सूर्यको उपासना गरिँदै आएको पाइन्छ । वेदमा पनि सूर्य भगवानको उपासना गरेका ऋचा पाइन्छन् । सूर्यसूक्त यसको प्रमाण हो । अग्नि पुराणमा पनि षष्ठीव्रतको प्रसङ्ग उल्लेख छ । यसैगरी देवी भागवतामा पनि षष्ठिका देवीको महिमागान गरेको पाइन्छ । त्रेतायुगमा राजा दशरथकी रानी कौशल्याले पनि यो व्रतधारण गरेका प्रसङ्ग रामायणमा उल्लेख पाइन्छन् । यसैगरी चौध वर्षको वनवास र एक वर्षको अज्ञातवास बसेका बेला कुन्ती, द्रौपदीसहित पाण्डवले पनि यो व्रत धारण गरेको वर्णन महाभारतमा उल्लेख छ । यसरी हेर्दा छठपर्वको महिमा वैदिककालदेखि नै निरन्तर चलिआएको पाइन्छ । शारदीय र वासन्ती गरी वर्षमा दुई पटक छठ पूजा हुने गर्दछ । शारदीय अर्थात् कार्तिक शुक्ल पक्षको छठ विशेष रूपमा मनाउने गरिन्छ भने चैत्री वा वासन्ती छठ कम महत्वका साथ मनाउने चलन रहेको छ । चैते दशैँलाई कम महत्त्वका साथ मनाएजस्तै चैत्री छठलाई पनि लिएको पाइन्छ । पृथ्वीमा पर्याप्त प्रकाश छरेको र कामना पूर्ण गरेकोमा सूर्यलाई धन्यवाद दिँदै यो पर्व विशेष रूपमा मनाइन्छ । सूर्य भगवान् एवं भाग्याभिदात्री षष्ठीका देवीको पूजा अर्चना गरी पुत्र, पति, परिवारका साथै समस्त लोकको कल्याणको कामना यसवर्पमा गरिन्छ । मूलतः व्रतवसी सूर्यभगवान् एवं षष्ठीका देवीको उपासना यसअन्तर्गत हुने गर्दछ । छठका ( कार्तिक शुक्ल षष्ठीका) दिन साँझ अस्ताउँदो सूर्यलाई जलाशयमा उभिएर पूजासहित अर्घ्य दिएपछि रातभर नदी तथा तलाउ किनारमा बसी भजनकीर्तन गर्दै भोलिपल्ट सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पुनः अर्घ दिई पूजा विसर्जन गर्ने परम्परा रहिआएको छ । मूलतः कार्तिक शुक्ल चर्तुर्थीका दिन देखि छठको व्रत आरम्भ हुन्छ । यस दिन बिहान सबेरै उठेर हात खुट्टाको नङ काटी चोखो पानीले नुहाई सफा कपडा लगाएर पूजा गरी शुद्ध भोजन गरिन्छ । छठको दोस्रो दिनलाई खर्ना भनिन्छ । यस दिनमा नुहाएर चोखो भई साँझपख व्रतालुहरूले सखरको खीर लौकाको तरकारी जस्ता शुद्ध भोजन ग्रहण गर्दछन् । यस दिन एकछाक मात्र भोजन गरिन्छ । कार्तिक शुक्लषष्ठी छठको मुख्य समय हो । यस दिनमा ब्रतालुहरू पानीसमेत नपिई निराहार व्रत बस्दछन् । साँझपख नजिकैको पोखरी, तलाउ, इनार, कुवा जस्ता जलाशयमा गई पानीमा डुबेर अस्ताउँदो सूर्यको पूजा गरिन्छ । छठको दिन सूर्यलाई चढाउनका लागि बनाइएका सामग्री घाटमा लगेर पालैपालो पानीमा डुबाई सूर्य देवतालाई चढाइन्छ । प्रातःकालीन अर्घका लागि केही व्रेतालु रातभर पानीमा बसेर सूर्य नउदाउन्जेलसम्म पूजा गर्दछन् भने कोही प्रसाद चढाएर पानीबाट निस्कन्छन् । रातभर भजन कीर्तन र नाचगानसहित घाटमा छठपर्व मनाइन्छ । षष्ठीको भोलिपल्ट ब्रह्ममुहूर्त्तमा पुनः पूजासामग्री सम्पादन गरेर नदी किनारमा गई उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठ पर्व विधिवत् रूपमा समापन हुने गर्दछ । सोपश्चात् छठको प्रसाद एक आपसमा बाँडिन्छ । छठको प्रसादमा उखु, केराउ, केरा, नरिवल, मिठाई, चना, ठेकुवा, कसार, कागती र अदुवा आदि हुने गर्दछन् । विशेषगरी शुद्ध घिउमा गहुँको पिठोबाट निर्मित ठेकुवा र चामलबाट निर्मित कसारको विशेष प्रसाद बनाइन्छ । यसरी छठको व्रत गर्नाले समस्त मनोकामना पूर्ण हुने विश्वास रहेको छ । मनोकामना पूर्ण भएको उपलक्षमा नाच नचाउने, पोखरीमा माटोको हात्ती राख्ने तथा दियो बाल्ने जस्ता कार्य हुने गर्दछन् । आयु, आरोग्य र ऐश्वर्यको कामना छठपर्वमा हुने गर्दछ । सन्तानको प्राप्ति, दीर्घायु, आरोग्य र मनोकामना पूर्ण गर्नका लागि व्रतबसी यो पर्व मनाउने चलन रहेको छ । मूलतः षष्ठी माता र सूर्य भगवानको पूजा गरिन्छ । यी देवीदेवतालाई प्रशन्न पार्नका लागि कात्तिक शुक्ल षष्ठी उत्तम तिथि भएकाले नै यो पर्व सोही तिथिमा मनाइने गरिएको हो । छठ माता को हुन ? भनेर विभिन्न प्रकारका विचारधारा रहेको भए पनि यस विषयमा श्रीमद्देवी भागवत महापुराणमा स्पष्ट रूपमा उल्लेख गरिएको छ । सो पुराणको नवौँ स्कन्धमा भगवती षष्ठीको महिमा प्रसङ्गमा राजा प्रियव्रतको कथा उल्लेख पाइन्छ । राजा प्रियव्रतका सन्तान थिएनन् । सन्तानका लागि राजाले यज्ञ गर्छन् । यज्ञको प्रसाद स्वरूप महर्षि कश्यपले रानी मालिनीलाई खीर खान दिन्छन् । त्यो खीर ग्रहण गरेपछि रानीले छोरो जन्माउछिन् तर मृत । मृत सन्तान जन्मेको खवरले राजा विह्वल हुन्छन् । मृत सन्तानको अन्तिम संस्कार गर्ने क्रममा राजा प्रियव्रतले श्मसानघाटमै प्राण त्यागन खोज्छन् । सोही समयमा एउटा दिव्यरथयुक्त देवी प्रकट भई राजालाई प्राण त्याग नगर्न सल्लाह दिँदै 'म, ब्रह्माकी मानस पुत्री देवसेना हुँ । सृष्टिको मूल प्रवृत्तिबाट मेरो उत्पत्ति भएको हो । सोही कारणले मलाई षष्ठी पनि भन्छन् । मेरो उपासना गर । म तिम्रो बच्चालाई जीवित पारिदिन्छु' भन्ने वचन प्राप्त हुन्छ । यसका साथै देवीले तत्काल उक्त मृत पुत्रलाई काखमा राखी जीवनदान दिएको र सोपश्चात् देवीले मेरो पूजा गर्नू र प्रजालाई पनि पूजा गर्न सल्लाह दिनू, मेरो पूजा गरेमा सन्तानको रक्षाका साथै समस्त मनोकामना पूरा हुन्छन् भनी उपदेश गरिएको छ । कुमार कार्तिकेयको प्रिय तिथि षष्ठी हो । यसैगरी षष्ठीका देवीले कुमार कार्तिकेयको पालन पोषण गरेको पनि कथा पुराणमा वर्णन पाइन्छन् । मूलतः जन्मको छैटौं रातमा भाग्यविधातृ षष्ठीका देवीको पूजा हुने गर्दछ । यिनै षष्ठीका देवीको आराधना छठमा पनि हुने गर्दछ । यसैगरी सप्तमी तिथिका मालिक सूर्य हुन् । सप्तमीका दिन सूर्यनारायण भगवान्लाई अर्घ्य प्रदान गरी यो पर्व समापन हुने भएकाले सूर्यभगवान् र षष्ठीका देवीको उपासना गर्ने विशेष अवसका रूपमा यो पर्व मनाएको पाइन्छ । भगवान् श्रीराम १४ वर्ष वनवास पूरा गरी कार्त्तिक औँशीको तिथिमा अयोध्या फर्केको रामायणमा उल्लेख पाइन्छ । सोही दिन अयोध्यामा दीपावली मनाइएको थियो । दीपावलीको छैटौं दिनमा छठ पूजा हुने गर्दछ । भगवान् श्रीराम अयोध्या फर्केपछि राज्यको सञ्चालन गर्नुभन्दा पहिले ब्राह्मण ( रावण) हत्याको पापबाट मुक्त हुनका लागि ऋषिसँग परामर्श गर्दा कात्तिक शुक्ल षष्ठीसम्म सूर्यको उपासना गर्न सल्लाह दिइएको थियो । ऋषिको सल्लाह अनुसार भगवान् श्रीरामले सूर्यको उपासना गरेर ब्रह्महत्याको पापबाट मुक्त हुनुभएको थियो । यसैले यस अवसरमा सूर्यभगवान्को आराधना गर्नाले समस्त पापबाट मुक्ति मिल्ने मान्यता पनि रहिआएको छ । यसैगरी पुलस्त्य ऋषि र भीष्मको संवादमा एक कुष्ठरोगी क्षत्रीय राजको छठ व्रत र सूर्य पूजनपश्चात् रोग निवृत्त भएको अर्को कथा पनि पाइन्छ । वैदिक, पौराणिक प्रसङ्गका साथै लौकिक आख्यान पनि पर्वसँग जोडिएका पाइन्छन् । जसलाई गीतका माध्यमबाट छठ पर्वका अवसरमा गाउने पनि गरिन्छ । षष्ठीका देवी एवं सूर्यभगवान्को उपासना गरी मनाइने एक पर्व विशेष छठ हो । आयु आरेग्य र ऐश्वर्यको कामना यसअन्तर्गत हुने गर्दछ । स्थानीय सांस्कृतिक पक्ष पनि पर्वअन्तर्गत जोडिएर आएका पाइन्छन् । मूलतः सूर्यभगवान्को उपासना यसअन्तर्गत हुने गर्दछ । धर्म संस्कृतिले सम्पन्न छठ पर्वको आफ्नै महिमा रहेको पाइन्छ । आद्यशक्ति भगवतीको उपासनासँगै आदित्य भगवान् सूर्यको वेदले पनि स्तुति गान गरेका छन् । देवी देवताको धार्मिक महिमालाई संस्कृतिले अझ सुन्दर बनाइरहेको हुन्छ । यस्तै धर्म संस्कृतिको सुन्दर पावन पर्व छठको पनि विशिष्ट महिमा रहेको छ । यस अवसरमा छठपर्वको हार्दिक मंगलमय शुभकामना !

**-इहिमालय टाइम्स डटकम**

*चैते दशैँलाई कम महत्त्वका साथ मनाएजस्तै चैत्री छठलाई पनि लिएको पाइन्छ । पृथ्वीमा पर्याप्त प्रकाश छरेको र कामना पूर्ण गरेकोमा सूर्यलाई धन्यवाद दिँदै यो पर्व विशेष रूपमा मनाइन्छ । सूर्य भगवान् एवं भाग्याभिदात्री षष्ठीका देवीको पूजा अर्चना गरी पुत्र, पति, परिवारका साथै समस्त लोकको कल्याणको कामना यसवर्पमा गरिन्छ । मूलतः व्रतवसी सूर्यभगवान् एवं षष्ठीका देवीको उपासना यसअन्तर्गत हुने गर्दछ । छठका (कार्तिक शुक्ल षष्ठीका) दिन साँझ अस्ताउँदो सूर्यलाई जलाशयमा उभिएर पूजासहित अर्घ्य दिएपछि रातभर नदी तथा तलाउ किनारमा बसी भजनकीर्तन गर्दै भोलिपल्ट सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पुनः अर्घ दिई पूजा विसर्जन गर्ने परम्परा रहिआएको छ । मूलतः कार्तिक शुक्ल चर्तुर्थीका दिन देखि छठको व्रत आरम्भ हुन्छ । यस दिन बिहान सबेरै उठेर हात खुट्टाको नङ काटी चोखो पानीले नुहाई सफा कपडा लगाएर पूजा गरी शुद्ध भोजन गरिन्छ । छठको दोस्रो दिनलाई खर्ना भनिन्छ । यस दिनमा नुहाएर चोखो भई साँझपख व्रतालुहरूले सखरको खीर लौकाको तर कारी जस्ता शुद्ध भोजन ग्रहण गर्दछन् । यस दिन एकछाक मात्र भोजन गरिन्छ ।*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मान तथा सम्मानमा दाग लाग्न सक्छ, काम गर्दा ध्यान लिनुहोला । | **तुला** : आज स्वास्थ्य भरपर्दो रहनेछैन । अरुले आलोचना पनि गर्न सक्छन् । |
| **वृष** : विश्वास गरेकाले साथ र सहयोग गर्नेछन् । कामबाट लाभ मिल्नेछ । | **वृश्चिक** : नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ । प्रेम जीवन सुखमय हुनेछ । |
| **मिथुन** : नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ प्रेमीको सहयोग पाइनेछ । | **धनु** : आज शुभकार्यको चर्चा चल्नेछ । सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कर्कट** : बन्धुबान्धवबाट सहयोग पनि मिल्नेछ । मनमा खुशी छाउँनेछ । | **मकर** : स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्नसक्छ । |
| **सिंह** : अधुरो काम पूरा हुनेछ । पुनर्मिलनको योग रहेको छ । | **कुम्भ** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ र रमाइलो यात्रा पनि हुनेछ । |
| **कन्या** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । सरकारी निकायको भय रहला । | **मीन** : समाजसेवामा मन लाग्नेछ । आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |

# आज विश्व शौचालय दिवस मनाइदैं




**पाल्पा,** मंसिर २/आज विश्व शौचालय दिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । संयुक्त राष्ट्र संघले १९ नोभेम्बरलाई विश्व शौचालय दिवसको रुपमा मनाउँदै आएको छ ।

विश्वका सबै नागरिकहरुलाई सुरक्षित शौचालयको पहुँचमा पुऱ्याउने तथा विश्वमा स्वास्थ्य र सरसफाईको स्तर कायम गरी मानव जीवन सुरक्षित बनाउने उद्देश्यले विश्व शौचालय दिवस मनाउन थालिएको हो । यस वर्ष दिवसको नारा 'परिवर्तनलाई बढावा दिऔं' भन्ने रहेको छ । संयुक्त राष्ट्र संघले सन् २०१३ देखि औपचारिक रुपमा १९ नोभेम्बरलाई विश्व शौचालय दिवसको मनाउन थालेको हो ।

राष्ट्र संघको महासभामा सिंगापुरले यो प्रस्ताव पेश गरेको थियो । त्यसयता राष्ट्र संघको यूएन वाटर भन्ने निकायले यस दिवस मनाउने कार्यको संयोजन गर्दै आएको छ । नेपाल १३ असोज २०७६ मा नै खुला दिसामुक्त भैए पनि व्यवस्थित शौचालय नहुँदा सर्वसाधारणले अझै पनि समस्या भोग्नुपरेको छ । खुला दिसामुक्त घोषण भए पनि कार्यान्वयमा यो लागू हुन सकेको छैन । मानव जीवनशैली र सरसफाइका लागि शौचालय आधारभूत तत्व हो । निजीका साथसाथै सार्वजनिक शौचालय हुनु व्यवस्थित सहरको उदाहरण पनि हो । सामान्यतया शौचालयलाई फोहोर ठाउँ भन्ने गरिन्छ । तर, शौचालय हामीलाई सफा र सुरक्षित राख्ने सहयोगी हो भनेर स्पष्ट पार्न जरुरी छ ।

सफा शौचालयको सहि प्रयोग सभ्य समाजको अभिन्न अंग मानिन्छ । तीव्र शहरीकरण र बढ्दो जनसंख्याका कारण सार्वजनिक शौचालयको आवश्यकता बढ्दो छ । शहरी तथा राजमार्गका व्यस्त चोकहरूमा भएका सार्वजनिक शौचालय पनि सरसफाइ एवं पूर्वाधारजन्य हिसाबले नाजुक अवस्थामा छन् । सुरक्षित शौचालयको अभावमा हुने फोहोरका कारण झाडापखाला लागेर हरेक वर्ष विश्वमा लाखौंको मृत्यु हुने गरेको छ । खुला स्थानमा दिसापिसाब गर्नाले यसले खानेपानीका स्रोत, मुहान, खोला, नाला, नदी प्रदूषित गराउने र त्यसबाट हैजा, टाइफाइड, झाडापखाला जस्ता रोग फैलिन गई आम नागरिकको स्वास्थ्यलाई असर पार्ने भएकाले शौचालय निर्माण र उपयोगमा ध्यान दिनुपर्नेमा दिवसले जोड दिने गरेको पनि त्यसले सार्थकता भने पाउन सकेको देखिदैन् ।

# 'खुला दिसामुक्त'...

...कुनै पनि स्थानीय तहको बजार क्षेत्रमा सार्वजनिक शौचालय नबनाउँदा नागरिकले सास्ती त पाएका छन् नै, जथाभावी शौच गर्दा वातावरणसमेत दुर्गन्धित हुन थालेको छ । तानसेन नगरपालिकाको बजार भित्र अहिले ३ वटा मात्र सार्वजनिक शौचालय प्रयोगमा छन् । टुँडिखेल,विद्युत कार्यालय अगाडि र श्रीनगरमा सार्वजनिक शौचालय प्रयोगमा छन् भने बसपार्कमा अहिले प्रयोगमा छैन । यहाँको जनसंख्या र बाहिरबाट आउनेहरुको संख्यालाई हेर्ने हो भने यि शौचालय पर्याप्त देखिदैन । पहिले कैलाशनगर, बसन्तपुर, मेहलधारा, मिसन अस्पताल, नारायणस्थान, टक्सारटोल लगायतका स्थानमा सार्वजनिक शौचालय थिए तर अहिले भने देख्न पाइदैन ।

कतिपय भत्केर गए भने कतिपय सार्वजनिक शौचालय अतिक्रमणको चपेटामा परे । नारायणस्थानमा रहेको डोजर लगाएर जिप पार्क बनेको छ । टक्सारमा रहेको शौचालय भने प्रयोगमा आउन सकेको छैन । पर्यटनको आवश्यक पूर्वधार मध्य शौचालय महत्वपूर्ण रहे पनि यसतर्फ कसैको पनि ध्यान पुग्न नसकेको तानसेन नगरपालिका- ६ का वडा अध्यक्ष तथा पर्यटन व्यवसायीको छाता संगठन नेपाल एसोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) पाल्पाका पूर्व अध्यक्ष सागरमान महर्जनले बताए । उनी भन्छन्,'बसपार्कमा सार्वजनिक शौचालयको आवश्यकता हो । यसै आर्थिक वर्षमा आवशयकता र चाहना अनुरुप वडाकै बजेटमा भएपनि निर्माण गरिने छ ।' बजारमा चोक चोकमा सार्वजनिक शौचालयको आवश्यकता रहेको महर्जन बताउनुहुन्छ । उनी भन्छन्,'हामीसँग शौचालय निर्माणका लागि आवश्यक ज्ञान भएका होनहार इन्जिनियरहरु छन्, केही महिना अघि मात्र धनगढीमा भएको सार्वजनिक शौचालय निर्माणका लागि भएको प्रतियोगितामा देशभरका इन्जिनियरहरु मध्येबाट पाल्पाका राहुल बज्राचार्यले उत्कृष्ट अवार्ड प्राप्त गर्न सफल भएका छन् । यस्ता इन्जिनियरहरुलाई यही नै वातावरण सिर्जना गरिदिन सक्ने हो भने पनि यस्ता समस्या आउने थिएनन् ।' सहरीकरण विस्तार भइरहँदा सार्वजनिक शौचालय निर्माणमा कुनै स्थानीय तहले योजना बनाएका छैनन् । अहिले स्थानीय तहका केन्द्रहरुमा सेवाग्राहीहरुको चाप बढे पनि सार्वजनिक शौचालय भने निर्माण हुन सकिरहेका छैनन् । बगनासकाली गाउँपालिकामा ३, माथागढी गाउँपालिकामा २, तिनाउ गाउँपालिकामा ४, रम्भा गाउँपालिकामा १८, पूर्वखोला गाउँपालिकामा ६, निस्दी गाउँपालिकामा २, रिब्दीकोट गाउँपालिकामा २, रामपुर नगरपालिकामा ३ वटामात्र सार्वजनिक शौचालय छन् । भएका शौचालय छिरिसक्नु छैनन् । केहीको चुकुल लाग्दैन, कुनैमा ढोकाको पाता फुटेको छ । केहीमा पानी छैन । दिसापिसाबको दुर्गन्ध पनि उस्तै छ । गाउँपालिकाका धेरै ठाउँहरुमा सार्वजनिक शौचालयको आवश्यक भए पनि जग्गा अभावका कारण बनाउन नसकिएको स्थानीय सरकारहरु बताउँछन् ।

नेपाली काँग्रेसका नेता राजेन्द्र गोपाल सिंह स्थानीय सरकार, स्थानीय समुदाय र राजनीतिक दलहरुले चासो नदिदासम्म कुनै संरचनाको पनि संरक्षण हुन नसक्ने बताउन्छन् । 'हामी देखिरहेका छौं अहिले अधिकांश जिल्ला खुल्ला दिशामुक्त भनेर भनिएको छ । एकातिर खुला दिशामुक्त भन्ने अर्कातिर दिशापिसाब गर्ने ठाउँ पनि नबनाउने, यो अलिकति मिलेको छैन । यसमा चाहीँ स्थानीय सरकार र राजनीतिक दलहरुले ध्यान दिनुपर्नेछ ।' संघीय सरकारले सरसफाइको जिम्मेवारी स्थानीय सरकारलाई दिएकाले उनीहरुले स्पष्ट नीति बनाएर सार्वजनिक शौचालयको समस्या समाधान गर्नुपर्ने उनको भनाइ छ । तर, सार्वजनिक शौचालय स्थानीय सरकारको कम प्राथमिकतामा पर्ने गरेका छन् । सार्वजनिक शौचालय निर्माणमा कार्यविधि र इच्छाशक्ति नहुँदा बजेट पचाउन हतारमा गरिएको खुला दिसामुक्त क्षेत्र घोषणाको प्रभावकारिता देखिएको छैन । अधिकांश पालिका जग्गा अभाव देखाएर शौचालय बनाउने जिम्मेवारीबाट पन्छिएका छन् ।

## खेलकुद समाचार

# जापानविरुद्ध नेपाल ६७ रनले विजयी



**काठमाडौं,** मंसिर २/चार देश सम्मिलित महिला टी-२० सिरिज अन्तर्गत नेपालले समूह चरणको अन्तिम खेलमा जापानलाई पराजित गरेको छ । पहिलो र दोस्रो खेलमा पराजित नेपालको यो सान्त्वना जित हो ।

नेपाल र जापान जारी सिरिजको उपाधि भिडन्तबाट बाहिरिसकेका छन् । ११४ रनको लक्ष्य पछ्याएको जापानले २० ओभर खेल्दै १० विकेट गुमाएर ४६ रनमात्रै बनाएपछि नेपाल ६७ रनले विजयी भएको हो । जापानकी मेग गावाले १७ र सेइक सुमीले १३ रन बनाउनुबाहेक अरु कुनै पनि खेलाडीले दोहोरो अंक जोड्न सकेनन् । नेपालकी संगीता राई एक्लैले पाँच विकेट लिइन् ।

पूजा महतो र अस्मिना कर्माचार्यले दुई/दुई विकेट लिए । यसअघि पहिले ब्याटिङ गरेको नेपालले चार विकेट गुमाएर ११३ रन बनाएको थियो । नेपालका लागि रुबिना क्षेत्रीले सर्वाधिक ३८ रन बनाइन् । यस्तै, कप्तान इन्दु बर्माले २७, पूजा महतोले १३ र सीता रानामगरले ९ रनको योगदान गरे । काजल श्रेष्ठ १५ र अस्मिना कर्माचार्य एक रनमा अविजित रहे । जापानकी एलिना कुसुदा नायरनले दुई, मेग गावा र अयुमी फुजिकावाले एक/कए विकेट लिएका थिए । महिला टी-२० सिरिजमा आयोजक हङ्कङसँगै नेपाल, तान्जानिया र जापान सहभागी छन् । आईसीसी वरीयतामा तान्जानिया १९औं, नेपाल २१औं, हङ्कङ २२ औं र जापान ५१औं स्थानमा छन् । तान्जानिया र हङकङले उपाधि जित्नका लागि खेल्ने छन् ।

## अर्थ/कर्पोरेट समाचार

# चार महिनामा २० प्रतिशत बजेट खर्च




**काठमाडौं,** मंसिर २ /चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो चौमासिक अवधिमा सरकारले वार्षिक लक्ष्यको २० प्रतिशत बजेट खर्च गरेको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार कात्तिक मसान्तसम्ममा सरकारको बजेट खर्च तीन खर्ब ५५ अर्ब ६३ करोड ४० लाख बराबर छ ।

सरकारले चालु आर्थिक वर्षका लागि १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको वार्षिक बजेट विनियोजन गरेको थियो । कात्तिक मसान्तसम्मको खर्चको अवस्था हेर्दा चालुतर्फ २३ दशमलव ७५, पुँजीगततर्फ नौ दशमलव ९३ र वित्तीय व्यवस्थातर्फ १७ दशमलव ७२ प्रतिशत छ । चालु आर्थिक वर्षका लागि सरकारले चालु शीर्षकमा ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख बराबर विनियोजन गरेको थियो । जसमध्ये हालसम्म दुई खर्ब ७१ अर्ब १७ करोड ४७ लाख बराबर खर्च भएको छ । पूँजीगत शीर्षकमा तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख बराबरको बजेट विनियोजन भएकामा कात्तिक मसान्तसम्ममा २९ अर्ब ९८ करोड ९४ लाख बराबर मात्रै खर्च भएको छ । त्यस्तै, वित्तीय व्यवस्था शीर्षकमा तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबरको बजेट विनियोजन भएकामा हालसम्म ५४ अर्ब ४६ करोड ९९ लाख बराबर खर्च भएको छ । सामान्यतया वित्तीय व्यवस्था शीर्षकमा छुट्याइएको रकम सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा खर्च हुने गरेको छ । चालु आर्थिक वर्षमा पूँजीगत शीर्षकमा भन्दा वित्तीय व्यवस्था शीर्षकमा बढी बजेट विनियोजन भएको थियो । सुरुवाती चार महिनाको खर्चको अवस्था हेर्दा पूँजीगतभन्दा वित्तीय व्यवस्था शीर्षकमा झन्डै दोब्बर बराबर खर्च भएको देखिएको छ । अर्थात् नेपालले पूँजी निर्माणमा गर्ने खर्चभन्दा सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीमा गरिरहेको खर्चको अंश बढी छ । पहिलो चौमासिक अवधिमा सरकारको राजस्व संकलन वार्षिक लक्ष्यको २० दशमलव ०८ प्रतिशत बराबर छ । चालु आर्थिक वर्षका लागि कूल १४ खर्ब २२ अर्ब ५४ करोड १७ लाख बराबर राजस्व उठाउने लक्ष्य राखेको सरकारले कात्तिक मसान्तसम्ममा दुई खर्ब ७६ अर्ब ६४ करोड बराबर राजस्व उठाएको छ । जसमा कर राजस्व दुई खर्ब ५४ अर्ब ३० करोड २२ लाख र गैरकर राजस्व २२ अर्ब ३३ करोड ७८ लाख बराबर छ । त्यस्तै, चालु आर्थिक वर्षका लागि ४९ अर्ब ९४ करोड ३० लाख वैदेशिक अनुदान लिने लक्ष्य राखेको सरकारले कात्तिक मसान्तसम्ममा दुई अर्ब ७५ करोड ८० लाख अर्थात् वार्षिक लक्ष्यको पाँच दशमलव ५२ प्रतिशत अनुदान लिएको महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट देखिन्छ ।**-रासस**

# राम्दीमा एकादशी मेला...

...उनले मेलाको प्रचार-प्रसार गरिदिन पनि जिल्लाका पत्रकारहरुलाई आग्रह गरे । मेलाको डिभिजन वन कार्यालय पाल्पा आयोजक र संरक्षकको रुपमा बगनासकाली गाउँपालिका रहेका छन् । पत्रकार सम्मेलनमा प्रमुख अतिथि पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम रानाले स्थानीय सरकारले गर्नु पर्ने काम प्रतिष्ठान गर्न लागेकोमा खुसी व्यक्त गरे । उनले नदी सभ्यतासँग जोडिएको र धार्मिक, पर्यटनका हिसाबले पनि महत्वपूर्ण मानिने राम्दीको प्रचार-प्रसारका लागि मेला आयोजना गरिनु सकारात्मक रहेको उल्लेख गरे । अध्यक्ष रानाले स्थानीय कलासंस्कृतिको संरक्षणसँगै स्थानीय उत्पादनको प्रवर्द्धनमा मेलाले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । प्रतिष्ठानका सल्लाहकार तथा तानसेन नगरपालिका- ६ का वडा अध्यक्ष सागरमान महर्जनले राम्दीमा लाग्ने ऐतिहासिक मेलाहरु हराउँदै जान लागेको बेला प्रतिष्ठानले त्यसको संरक्षणमा चासो देखाउनु राम्रो रहेको बताए । उनले प्रतिष्ठानले गर्न लागेको काममा स्थानीय सरकारको समेत सहयोग रहने बताए । कार्यक्रममा नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्याल, पत्रकार महासंघ पाल्पाका सचिव यज्ञमूर्ति तिमिल्सीना, नेपाल टेलिभिजनका पाल्पा संवाददाता कमल अधिकारी लगायतले मेलालाई सफल पार्न आफुहरुको सहयोग रहने बताए । कार्यक्रम प्रतिष्ठानका अध्यक्ष कमल भट्टराईको अध्यक्षता, उपाध्यक्ष रुपेश कार्कीको स्वागत, सञ्चार संयोजक गणेश न्यौपानेको सञ्चालनमा भएको थियो । हरिबोधनी एकादशीको अवसरमा हरेक वर्ष पवित्र कालीगण्डकी किनारमा स्नान गर्ने, तोरण तार्ने र मेला भर्नेको घुइँचो लाग्ने गर्दछ । कालीगण्डकी नदीको तटमा नुहाउन, तोरण तार्न हजारौं भक्तजन टाढाबाट समेत पुग्ने गर्दछन् । मुक्तिनाथबाट बगेर आएको कालीगण्डकी नदीमा स्नान गर्ने, पूजा गर्ने र तोरण तार्ने गर्दा धर्म हुन्छ भन्ने जनविश्वास यस क्षेत्रमा छ ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

वर्गीकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गीकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई